फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ७ संख्याः ३ मितिः २०८१/१२/०५

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

## फलेवास नगरपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०८/१९
नगर प्रमुखद्धारा प्रमाणीकरण मितिः २०८१/०८/१९

**फलेवास नगरपालिकाको एम्बुलेन्स सेवा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि,**
सर्वसाधारण नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच उपलब्ध गराउन एम्बुलेन्स सेवाको सञ्चालन प्रक्रियालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा फलेवास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी फलेवास नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**
(१) यो कार्यविधिको नाम (फलेवास नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१) रहेको छ ।
(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपश्चात तुरुन्तै लागु हुनेछ ।
(३) यो कार्यविधि फलेवास नगरपालिका भित्र सञ्चालन हुने सबै एम्बुलेन्सको हकमा लागू हुनेछ ।

२. **परिभाषाः**
**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-**
(क) 'एम्बुलेन्स' भन्नाले विरामी ओसार्न स्वीकृत प्राप्त वाहन सम्झनु पर्दछ ।
(ख) 'चालक' भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्दछ ।
(ग)'नगरपालिका' भन्नाले फलेवास नगरपालिकालाई सम्झनुपर्दछ ।
(घ) 'कार्यालय' भन्नाले फलेवास नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) 'सेवा शुल्क' भन्नाले एम्बुलेन्स सेवा लिए वापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्दछ ।
(च) 'सेवा' भन्नाले एम्बुलेन्सले बिरामीलाई उपलब्ध गराउने प्रचलित कानुन बमोजिमका सम्पूर्ण सेवा सम्झनु पर्दछ ।
(छ) 'स्वास्थ्य संस्था' भन्नाले फलेवास नगरपालिकाभित्र रहेका सबै स्वास्थ्य संस्थाहरुलाई सम्झनुपर्दछ ।
(ज) 'निर्देशक समिति' भन्नाले दफा ३ को उपदफा १ बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।
(झ) 'समिति' भन्नाले दफा ५ को उपदफा १ बमोजिम गठित समितिलाई सझनुपर्दछ ।
(ञ) 'कार्यपालिका' भन्नाले फलेवास नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

**३. निर्देशक तथा अनुगमन समिति सम्बन्धी व्यवस्थाः**
(१) एम्बुलेन्स सेवाको रेखदेख, अनुगमन तथा नियमन गर्नका लागि देहायका पदाधिकारीहरु रहेको नगरपालिका स्तरीय निर्देशक तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | -संयोजक |
| (ख) नगर उपप्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| (ङ) बिपद् व्यवस्थापन समितिको संयोजक | -सदस्य |
| (च) नगर अस्पतालको कार्यालय प्रमुख | -सदस्य |
| (छ) नगरका सबै वडाका वडाध्यक्षहरु | -सदस्य |
| (ज) संयोजकले तोकेको कम्तीमा १ जना महिला सहित २ जना कार्यपालिका सदस्य | -सदस्य |
| (झ) नगरभित्र रहेको प्रहरीचौकी प्रमुख | -सदस्य |
| (ञ) सामाजिक विकास महाशाखा प्रमुख | -सदस्य |
| (ट) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | -सदस्य सचिव |

(२) समितिको कुल सदस्य संख्यामध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नका लागि गणपुरक संख्या रहेको मानिने छ ।
(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । आवश्यकता अनुसार समितिले बिभिन्न संस्था तथा व्यक्तिलाई आमन्त्रित सदस्यका रुपमा बोलाउन सक्नेछ ।
(४) समितिको बैठक सम्बन्धि अन्य व्यवस्था र कार्यविधि उपदफा ३.१ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४ काम कर्तव्य र अधिकार**
निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
(क) एम्बुलेन्स सेवा पारदर्शी, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने,
(ख) एम्बुलेन्स सेवाको दररेट निर्धारण, परिमार्जन तथा छुट सम्बन्धी आवश्यक कार्यहरु गर्ने,
साथै नगरपालिका भित्र रहेका प्रेषण गरिएका सुत्केरी, ८० वर्ष माथिका जेष्ठ नागरिक, क वर्गको अपाङ्गता भएका व्यक्ति, आर्थिक रुपमा अति बिपन्न लगायतलाई सेवा दिएबापत छुटको व्यवस्था सम्बन्धित वडाको वडाध्यक्ष वा दफा ५ को उपदफा १ बमोजिमको समितिको सिफारिस भएको हुनुपर्नेछ । त्यसरी सिफारिस भइआएमा सम्बन्धित व्यक्तिको भाडा रकम दफा ३ को उपदफा १ बमोजिमको समितिको संयोजकले फिर्ता गर्न सक्नेछ । दररेट सम्बन्धि व्यवस्था अनुसुची १ बमोजिम रहनेछ ।
(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने,
(घ) सरोकारवाला तथा अन्य संघ संस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा सम्बन्धी समिक्षा बैठक गर्ने,
(ङ) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिले गरेको खर्चको अनुमोदन गर्ने,
(च) यस नगरपालिका भित्र सञ्चालन हुने एम्बुलेन्स सेवाहरुको अनुगमन, नियमन तथा आवश्यकता अनुसार निर्देशन दिने,

(छ) नगर कार्यपालिकासंग समन्वय गरी आवश्यकता अनुसारका अन्य कार्यहरु गर्ने ।

## ५. सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः

(१) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि देहायका पदाधिकारीहरु रहेको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) एम्बुलेन्स सञ्चालन भएको सम्बन्धित वडाको वडाध्यक्ष -संयोजक

(ख) समितिको संयोजकले मनोनित गरेका कम्तिमा १ जना महिला र कम्तिमा १ जना वडा सदस्य सहित २ जना-सदस्य

(ग) सम्बन्धित वडा क्षेत्रको प्रहरी चौकी इन्चार्ज -सदस्य

(घ) सेवा लिने छिमेकी वडाहरुबाट प्रति वडा १ जनाका दरले वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य - सदस्य

(ङ) दफा ३ को उपदफा १ बमोजिमको निर्देशक समितिको संयोजकले तोकेको एकजना - सदस्य

(च) एम्बुलेन्स रहने वडाको स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

(२) समितिको कुल सदस्य संख्यामध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नका लागि गणपुरक संख्या रहेको मानिने छ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । आवश्यकता अनुसार समितिले बिभिन्न संस्था तथा व्यक्तिलाई आमन्त्रित सदस्यका रुपमा बोलाउन सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धि अन्य व्यवस्था र कार्यविधि उपदफा ३.१ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एम्बुलेन्स सेवा पारदर्शी, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गर्ने,

(ख) एम्बुलेन्सको आम्दानी र खर्च सञ्चालनको लागि नेपाल सरकारबाट मान्यताप्राप्त बैंकमा सम्बन्धित एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको नाममा समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतमा सञ्चालन हुने गरी खाता खोल्ने,

(ग) एम्बुलेन्स सेवाको दररेट निर्धारण, परिमार्जन तथा छुटका लागि सिफारिस गर्ने ।

(घ) स्वीकृत दररेट बमोजिम आम्दानी प्राप्त गरी बैंक खातामा जम्मा गरी सोको हिसाब किताब दुरुस्त राख्ने,

(ङ) चालकको करार सम्झौता, पारिश्रमिक र सुविधा, म्याद थप, करार सम्झौता रद्द लगायतका कार्यहरु गर्ने ।

(च) एम्बुलेन्सको इन्धनको खर्च र चालकको पारिश्रमिक तथा अन्य सुविधा भुक्तानी गर्ने,

(छ) एम्बुलेन्सको नियमित सर्भिसिङ तथा मर्मत सम्भार गराउने,

(ज) सवारी दर्ता प्रमाण पत्र नविकरण, सवारी कर, विमा प्रिमियम खर्च लगायत एम्बुलेन्समा रहने अत्यावस्यक सामाग्रीहरुको खरिद तथा व्यवस्थापनका कार्य गर्ने,

(झ) समितिका सदस्य सचिवले समितिले राखेको श्रेस्ताको नगरपालिकाको आन्तरिक लेखापपिरक्षकबाट लेखापरीक्षण गराउने । साथै लेखापरिक्षण प्रतिवेदन निर्देशक समितिलाई वार्षिक रुपमा पेश गर्ने ।

(ञ) चालकले करार सम्झौता बमोजिमका शर्तहरुको पालन गरे नगरेको निरीक्षण गर्ने गराउने,

(ट) समितिले चौमासिक रुपमा भए गरेका कार्यहरुको प्रतिवेदन दफा ३ को उपदफा (१) वमोजिमको समितिमा पेश गर्ने,

(ठ) एम्बुलेन्स सेवाबाट प्राप्त आम्दानी अनिवार्य रुपमा नगदि रसिद काटी सम्भव भए सोही दिन, नभए ३ दिन भित्र बैंक दाखिला गर्ने गराउने ।

(६) नगरपालिकाले आफैले खरिद गरी वा नगरपालिकाको अनुदानमा खरिद भएको वा बिभिन्न दातृ निकाय/संघसंस्थाको सहयोगमा प्राप्त एम्बुलेन्स उपदफा (१) बमोजिमको समिति वा नगरपालिका आफैले सञ्चालन नगरी कुनै संघसंस्थालाई हस्तान्तरण गरेको अवस्थामा एम्बुलेन्स सञ्चालन सोही संस्थाको व्यवस्थापन/कार्यसमितिले सञ्चालन तथा आर्थिक व्यवस्थापन लगायतका सम्पुर्ण कार्य गर्नुपर्नेछ ।

(७) उपदफा (३) बमोजिम कानून अनुसार हस्तान्तरण हुने संस्थालाई सो संस्थासंग नगरपालिकाले आवश्यक सम्झौता गरी हस्तान्तरण गर्नेछ । तर, अब उप्रान्त एम्बुलेन्स थप गर्नुपर्ने अवस्था आएमा नगर कार्यपालिकाको बैठकको निर्णयअनुसार हुनेछ ।
(८) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६.**सेवा शुल्क निर्धारण तथा व्यवस्थापनः**
(१) एम्बुलेन्स सेवा लिए वापत सम्बन्धित सेवाग्राहीले दफा ३ को उपदफा (१) बमोजिमको समितिले निर्धारण गरेको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ । सेवाशुल्क बापतको रकम सेवा लिनु अगावै विद्युतिय भुक्तानी वा नगदै माध्यमबाट भुक्तानी गरी रसिद लिएर मात्रै सेवा लिन पाइनेछ ।
(२) एम्बुलेन्स वापत उठेको रकम दफा ३ को उपदफा (१) बमोजिम सञ्चालन हुने भएमा सम्बन्धित एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति र दफा ५ को उपदफा (६) बमोजिम सञ्चालन हुने भएमा जुन संस्थालाई हस्तान्तरण गरिएको हो सोही संस्थाले बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।
(३) सेवा लिए बापत लाग्ने सेवा शुल्कको नगदी रसिद काटी बैंक खातामा जम्मा गर्नुपर्नेछ ।
(४) दफा ५ को उपदफा (६) बमोजिम हस्तान्तरण भई सञ्चालन हुने एम्बुलेन्स सेवाको हकमा बैंक खाता सञ्चालन तथा व्यवस्थापन सम्बन्धित समितिको निर्णय अनुसार हुनेछ । यसरी हस्तान्तरण भएका एम्बुलेन्सको चालक सहितको सम्पुर्ण व्यवस्थापन सोहि संस्थाले गर्नुपर्नेछ ।
(५) एम्बुलेन्स सेवाबाट प्राप्त रकम चालकको पारिश्रमिक र अन्य सुविधा, एम्बुलेन्सको सवारी दर्ता प्रमाण पत्र नविकरण, सवारी कर, विमा प्रिमियम खर्च, इन्धन, मर्मत सम्भार र एम्बुलेन्समा रहने अत्यावस्यक सामाग्रीहरुको खरिद तथा व्यवस्थापनमा प्रचलित कानून बमोजिम सोहि समितिले खर्च गर्नुपर्नेछ । सञ्चालनको थप आर्थिक दायित्व व्यहोर्न नगरपालिका बाध्य हुनेछैन ।
(६) समिति मार्फत गरिने सम्पूर्ण आर्थिक कारोबार बैंक मार्फत सञ्चालन गर्नुपर्नेछ ।

७. **चालकको नियुक्ति र सेवा सुविधाः**
(१) एम्बुलेन्स सेवा सञ्चालनका लागि दफा ५ को उपदफा (१) बमोजिमको समितिको निर्णय बमोजिम आवश्यक योग्यता पुगेको व्यक्तिलाई चालकको रुपमा प्रचलित कानुन अनुसार सेवा करार गर्नेछ ।
(२) चालकको अन्य सेवा सुविधाहरु दफा ५ को उपदफा (१) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
(३) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूची २ बमोजिम हुनेछ ।

**८. आर्थिक व्यवस्थापनः**
(१) दफा ५ को उपदफा १ बमोजिम गठीत समितिले बिभिन्न स्रोतबाट प्राप्त बजेटबाट एउटा निश्चित कोष खडा गर्न सक्नेछ ।
(२) उपदफा १ बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।
(क) नगरपालिकाबाट प्राप्त रकम ।
(ख) वडा कार्यालयको सिफारिसका आधारमा वडा कार्यालयको चालु तथा प्रशाषनिक खर्चबाट प्राप्त हुने रकम ।
(ग) बिभिन्न संघसंस्थाहरु तथा सामाजिक व्यक्तित्वहरु र दातृ निकायबाट प्राप्त रकम ।
(घ) दैनिक आम्दानीबाट प्राप्त रकम ।
(ङ) अन्य स्थानीय तहबाट प्राप्त रकम ।
(च) अन्य रकम ।
(३) उपदफा १ बाहेक एम्बुलेन्स सञ्चालनलाई व्यवस्थीत र सहज रुपमा सञ्चालनको व्यवस्था मिलाउन स्रोतको खोजी गरी अक्षयकोष स्थापना गर्न सकिनेछ । सो कोषको सञ्चालन तथा व्यवस्थापन र आम्दानी तथा खर्च गर्ने, अक्षयकोष सञ्चालनको कार्यविधि बनाउने लगायतका सम्पुर्ण जिम्मेवारी दफा ५ को उपदफा १ बमोजिमको समितिको हुनेछ ।

## ९. **विविधः**

(१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले तोकेको स्थानमा एम्बुलेन्स रहनेछन् ।

(२) दफा ५ को उपदफा १ बमोजिमको समितिको संयोजक वा सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख एम्बुलेन्सको सम्पर्क व्यक्तिका रुपमा रहनेछ । तर संयोजक नभएको अवस्थामा सम्पर्क व्यक्तिको रुपमा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिले तोक्नेछ ।

(३) एम्बुलेन्स सञ्चालन, इन्धन खर्च, मर्मत सम्भार लगायतका सम्पुर्ण खर्चको लागि समितिको संयोजक वा दफा ५ को उपदफा (१) बमोजिमको समितिको स्वीकृतीमा मात्रै चालकले नियमासार गर्नेछ । साथै लगबुक अध्यावधिक लगायतका खर्च सम्बन्धी कार्यको आवश्यक बिवरण तयार गरी चालकले समितिमा पेश गर्नुपर्नेछ ।

(४) एम्बुलेन्स नियमित रुपमा चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

(५) एम्बुलेन्समा रहने न्युनतम औषधी तथा उपकरणको विवरण प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(६) एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सम्बन्धित व्यक्ति स्वयमको हुनेछ ।

(७) एम्बुलेन्समा सवार बिरामीको रेखदेख, जोखिम व्यवस्थापन, स्याहारसुसार, उपचार लगायत सम्पुर्ण कार्यहरुको जिम्मेवारी स्वयं बिरामीको परिवार वा संरक्षकको हुनेछ ।

(८) नगरपालिकाभित्र कुनैपनि संघसंस्थाले थप एम्बुलेन्सको सिफारिस माग गरेमा सो को निर्णय गर्ने अधिकार नगर कार्यपालिकाको हुनेछ ।

(९) दफा ५ को उपदफा १ बमोजिमको कुनै पनि समितिद्वारा एम्बुलेन्सको सञ्चालन एवम् व्यवस्थापन गर्न नसकेको अवस्थामा उक्त समितिलाई हस्तान्तरित एम्बुलेन्स नगरपालिकामा बुझाउनुपर्नेछ ।

(१०) यस कार्यविधिको आवश्यकता अनुसार नगर कार्यपालिकाले संसोधन गर्नेछ ।

(११) यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची -१

कार्यविधिको दफा ३ को उपदफा (१) बमोजिमको समितिले निर्धारण गरेको भाडादर कुनै कारणवस मुल्य संशोधन र हेरफेर गर्नुपरेमा सोहि समितिले प्रचलित कानुन बमोजिम कार्यपालिकाबाट अनुमोदन गराई थपघट गर्न सकिनेछ। हाल तपशिल बमोजिमको भाडादर कायम गरिएको छ।

| **सि.नं.** | देखि | कुश्मासम्मको भाडादर | पोखरासम्मको भाडादर | |
|---|---|---|---|---|
| १. | खानीगाउँ वडा कार्यालय | १३०० | ४५०० | |
| २. | देविस्थान वडा कार्यालय | १३०० | ४५०० | |
| ३. | मुडिकुवा वडा कार्यालय | १३०० | ४५०० | |
| ४. | शंकरपोखरी वडा कार्यालय | १८०० | ४५०० | |
| ५ | लिमिठाना वडा कार्यालय | १८०० | ५००० | |
| ६. | ठानामौला वडा कार्यालय | २१०० | ५३०० | |
| ७. | थापाठाना वडा कार्यालय | २३०० | ५००० | |
| ८. | कार्कीनेटा वडा कार्यालय | २३०० | ५००० | |
| ९. | कुर्घा वडा कार्यालय | १८०० | ५००० | |
| १०. | भंगरा वडा कार्यालय | २८०० | ५५०० | |
| ११. | पाङराङ वडा कार्यालय | २३०० | ५५०० | |

| सि.नं. | देखि | सम्म | भाडादर |
|---|---|---|---|
| १. | कार्कीनेटा-स्याङ्जा नागडाँडा हुँदै | पोखरा | ४५०० |
| २. | थापाठाना-स्याङ्जा नागडाँडा हुँदै | पोखरा | ४८०० |
| ३. | भंगरा-स्याङ्जा नागडाँडा हुँदै | पोखरा | ५२०० |

नोटः एम्बुलेन्समा अक्सिजन जडान गर्नुपरेमा प्रति सिलिण्डर रु. २६० र वडा कार्यालयबाट ग्रामिण क्षेत्रका सडकहरुमा आउजाउ गर्नुपरेमा जिल्ला दररेट निर्धारण समितिले तोकेबमोजिम पक्की बाटो प्रति किलोमिटर रु. ८५ र कच्ची बाटो प्रति किलोमिटर रु. ९५ अतिरिक्त भाडा लाग्नेछ । साथै स्वास्थ्यकर्मीसहित एम्बुलेन्स सेवा उपलब्ध गराउनुपरेमा थप रु. १५०० लाग्नेछ। कुश्मा र पोखरा बाहेक अन्य शहरहरु जस्तै चितवन, काठमाण्डौं लगायतका अस्पतालसम्म सेवा दिनुपरेमा जिल्ला दररेट अनुसारको भाडादर कायम हुनेछ।

# अनुसूची -२
## कार्यविधिको दफा ७ को उपदफा (३) संग सम्बन्धित

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिताः

१. फलेवास नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ लाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ,

२. चालकले आफ्नो पेशाको भूमिका निर्वाह गर्ने क्रममा आफ्नो पेशाको मर्यादामा खलल हुने कार्यहरु गर्न नहुने,

३. विरामीहरु ओसार पसार गर्ने क्रममा बिरामी तथा बिरामीका आफन्तलाई सहयोग तथा सम्मानजनक व्यवहार गरी गुणस्तरिय सेवा प्रदान गर्ने,

४. विरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छोड्न नपाइने,

५. कामको सिलसिलामा पाएको सूचना गोप्य राखुपर्ने,

६. नगरपालिका तथा आफु कार्यरत संस्थाका पदाधिकारीको गरिमामा खलल पार्ने, संस्थागत वा व्यक्तिगत आक्षेप लगाउने तथा अन्य यस्तै कार्यहरु आफु ड्यूटीमा रहेको वा नरहेको समयमा समेत गर्न नपाइने,

७. विरामी बाहेक अन्य यात्रु, वस्तु तथा प्रतिबन्धित वस्तुहरु ओसार पसार गर्न नहुने, यदि गरेको पाइएमा सोको भागिदार स्वयम् हुने ।

...............जिल्ला न.पा./गा.पा. वडा नं.... निवासी नागरिकता प्रमाणपत्र नं.......... सवारी चालक अनुमति पत्र नं............जारी मिति...........बमोजिमको म...................... ले माथि उल्लेखित आचारसंहिता अध्ययन गरेको छु । फलेवास नगरपालिका, पर्वतको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्णरुपमा पालना गर्न सहमति जनाई सहिछाप गरेको छु ।

**चालकको:**
दस्तखतः
नामथरः
मितिः

**रोहवरमा प्रमाणित गर्नेको:**
दस्तखतः
नामथरः
पदः
मितिः

आज्ञाले,
विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत